**नेपाल सरकार**

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

## प्राधिकरणले के गर्छ, के गर्दैन ?

२०७२ साल वैशाख १२ गते गएको भूकम्प र त्यसपछिका परकम्पहरुबाट भत्किएका घर तथा भौतिक संरचनाहरुको पुनर्निर्माण र विस्थापित भएका व्यक्ति तथा परिवारलाई पुनर्स्थापना गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरिएको हो । २०७२ साल पुष १० गतेको मन्त्रिपरिषद्को बैठकले प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत नियुक्त गरेपछि प्राधिकरणको काम अघि बढेको हो ।

प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाका लागि आवश्यक नीति तयार र स्रोतको व्यवस्थापन गर्नुका साथै पुनर्निर्माण गर्ने वातावरण तयार पार्छ । प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाको काम सरकारका विभिन्न मन्त्रालयहरु र निकायहरु मार्फत गराउने नीति अवलम्बन गरेको छ । कामको मात्राको अनुपातमा सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय र संस्कृति पयर्टन तथा नागरिक उडड्यन मन्त्रालय मुख्य रहेका छन् ।

मूलत: सहरी विकास मन्त्रालयले सरकारी भवन, निजी आवासमा प्राविधिक सहयोग, सहरी योजना र पूर्वाधार एवं बस्ति विकासको कार्य गर्छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अनुदान वितरण र स्थानीय पूर्वाधार सम्बन्धी काम गर्छ । शिक्षा मन्त्रालयले शैक्षिक संस्थाहरुको पुनर्निर्माण गर्छ । यस्तै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पुरातात्विक महत्वका सम्पदाहरुको पुनर्निर्माण गर्छ । पुनर्निर्माणसँग सम्बन्धित अन्य मन्त्रालयहरुका काम पनि सोही मन्त्रालय अन्तर्गतका निकायहरुबाट हुनेछन् । प्राधिकरणले उक्त कार्यहरुको स्वीकृति, बजेट व्यवस्था, समन्वय, अनुगमन र मूल्यांकन गर्छ ।

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२ बमोजिम प्राधिकरणले गर्ने मुख्य कार्यहरु देहायबमोजिम छन् ।

## प्राधिकरणले गर्ने मुख्य मुख्य कार्यहरु

- पुनर्निर्माणको प्राथमिकता निर्धारण गर्ने ।
- पुनर्निर्माणका लागि नीति, योजना, बजेट र कार्यक्रम स्वीकृत गर्ने ।
- पुनर्निर्माण सम्बन्धी आयोजना स्वीकृत गर्ने ।



- पुनर्निर्माण सम्बन्धी कार्य गर्ने निकाय तोक्ने ।
- पुनर्निर्माण गर्ने जिम्मेवारी पाएका मन्त्रालय तथा निकायलाई बजेट उपलब्ध गराउने ।
- एकीकृत बस्ती विकास, एकीकृत आवास विकास, पुनर्स्थापना तथा स्थानान्तरणका लागि आवश्यक मापदण्ड बनाई उपयुक्त स्थानको पहिचान गरी आयोजना कार्यान्वयन गराउने ।
- पुनर्निर्माण वा एकीकृत बस्ती विकास सम्बन्धी आयोजना वा कार्यक्रमहरुको गुणस्तर निर्धारण गर्ने ।
- पुनर्निर्माणका लागि गैरसरकारी संस्था, निजी क्षेत्र वा समुदायलाई परिचालन गर्ने ।
- पुनर्निर्माणका लागि आवश्यक पर्ने आर्थिक स्रोत जुटाउने ।
- पुनर्निर्माण सम्बन्धी कामलाई प्रभावकारी बनाउन विभिन्न निकायबीच समन्वय गर्ने ।
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, रोजगारी तथा पुनर्निर्माण र पुनर्स्थापनाको कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने ।
- पुनर्निर्माण र पुनर्स्थापनासँग सम्बन्धित कार्यक्रमहरु तयारी गरी लागू गराउने ।

## प्राधिकरणले के गर्दैन ?

- भूकम्पबाट क्षति पुगेका भौतिक संरचनाहरुको पुनर्निर्माण आफैले गर्दैन । विभिन्न निकाय तथा संस्थासँग समन्वय गरेर पुननिर्माण गर्ने वातावरण तयार पार्छ ।
- भूकम्पबाट क्षति पुगेका घरहरु प्राधिकरण आफैले बनाइदिँदैन । घर बनाउनका लागि अनुदान दिने र प्राविधिक सहयोग उपलब्ध गराउने वातावरण तयार पार्छ ।
- घर निर्माणका लागि आफै अनुदान सम्झौता गर्दैन । सम्बन्धित घरधनी र गाविसका सचिव वा नगरपालिकाका कार्यकारी अधिकृतबीच अनुदान सम्झौता हुने व्यवस्था मिलाउँछ ।
- घर निर्माणका लागि सरकारले दिने पैसा आफैले बाँड्दैन । तर बैंकमार्फत पैसा दिने व्यवस्था मिलाउँछ ।
- घर निर्माणका सामग्री दिने काम गर्दैन । तर आवश्यक निर्माण सामग्री सहज रुपमा उपलब्ध हुने वातावरण तयार पार्न सहयोग गर्छ ।
- घर बनाउने मिस्त्री, ज्यामी उपलब्ध गराउँदैन । तर यसका लागि स्थानीय तहमा तालिम दिने, बलियो बनाउन आवश्यक सल्लाह सुझाव दिने व्यवस्था मिलाउँछ । यसका लागि नगरपालिका/गाउँ विकास समितिमा प्राविधिकहरु खटाउने व्यवस्था मिलाउँछ ।
- यसले पुनर्निर्माणको ठेक्का पट्टाको काम गर्दैन । पुनर्निर्माण सम्बन्धी कामहरु सम्बन्धित मन्त्रालय र त्यस अन्तर्गतका निकायहरुले गर्छन् ।
- प्राधिकरणले भूकम्प पीडितको लागि उद्धार र राहत सम्बन्धी काम गर्दैन । गृहमन्त्रालय र त्यस अन्तर्गतका निकायहरुबाट उद्धार र राहत सम्बन्धी कार्यहरु हुन्छन् ।
- प्राधिकरणले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र व्यक्तिसँग मिलेर घर बनाउँदैन (कुनै व्यक्ति वा संस्थाले कसैको घर बनाउन आर्थिक एवं प्राविधिक सहयोग दिने हो भने प्राधिकरणबाट स्वीकृति लिनुपर्छ) ।

